# कमलामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिन्धुली
### सिभिल इन्जिनियर (जनरल), अधिकृतस्तर छैठौं तह (करारमा) लिने बारेको सूचना
### सूचना नं. १/०७४/०७५
### (प्रथम पटक सूचना प्रकाशित मिति २०७४/१०/११)

यस नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा निम्नानुसारको पद करारमा लिनु पर्ने भएकोले निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| क्र.सं. | सेवाको किसिम | पद | तह | माग संख्या | सेवा सुविधा |
|---|---|---|---|---|---|
| १ | इन्जिनियरीङ्/प्राविधिक | सिभिल इन्जिनियर (जनरल) | अधिकृतस्तर छैठौं | १ | नेपाल सरकारबाट तोके बमोजिम |

१. परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता
२. लिखित परीक्षाको मिति र समय : दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
३. परीक्षा केन्द्र : दरखास्त बुझाउने अन्तिम मितिको भोलिपल्ट प्रकाशन गरिनेछ ।
४. परीक्षा दस्तुर : रु. १,०००।- (एक हजार मात्र)
५. परीक्षामा प्रयोग गर्ने मसी : परीक्षार्थीले परीक्षा दिंदा उत्तरपुस्तिकामा कालो मसी मात्रै प्रयोग गर्नुपर्नेछ । अन्यथा परीक्षा रद्द हुनेछ ।
६. दरखास्त फाराम : कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुलीबाट रु. २५।- (पच्चिस रुपैयाँ) तिरी प्राप्त गर्न सकिनेछ ।
७. दरखास्त दिने स्थान : कमलामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुली
८. दरखास्त दिने अन्तिम मिति : २०७४/१०/२५ गतेसम्म मात्र
९. अन्तर्वार्ता हुने मिति : लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।
१०. आवश्यक न्यूनतम शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तिर्ण गरी नेपाल इन्जिनियरिङ् काउन्सिलबाट दर्ता प्रमाणपत्र प्राप्त गरेको ।

**द्रस्टव्य :**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र (इ) नेपाल इन्जिनिरियङ् काउन्सील दर्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपी एवम् दरखास्त खस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ । प्रमाणपत्रका प्रतिलिपीमा उम्मेदवार स्वयंले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गरी प्रमाणित गरेको हुनुपर्दछ । विदेशी शैक्षिक संस्थाबाट अध्ययन गरेको हकमा समकक्षताको प्रमाण-पत्र समेत पेश गर्नुपर्नेछ ।

ख) दरखास्त दिने अन्तिम मितिसम्ममा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।

ग) तोकिएको म्याद भित्र दाखिला नभएकोवा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

घ) प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

ङ) पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाटै प्राप्त गर्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**